# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,गौचरको
## ATM Counter सञ्चालन गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७८।१२।२२)

सूचना नं. ७

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ कर्मचारी प्रवेश पास वितरण गर्ने कक्षसँगै रहेको काउन्टर 'A' (हाल ग्लोबल आई.एम.ई.बैंकको **ATM Counter** रहेको स्थान) बाट नेपाल राष्ट्र बैंकबाट "क" वर्गको स्वीकृति प्राप्त बैंकहरुवाट ४.७९ वर्गमीटर क्षेत्रफल भएको स्थानमा **ATM** सेवा सञ्चालन गर्ने बारेको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायवाट सो सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरेका इच्छुक 'क' वर्गको बैंकहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, गौचर शाखामा रहेको यस कार्यालयको राजस्व खाता हि. नं. १६९०१०००००११००६ मा मूल्य अभिबृद्धि कर बाहेक रु.१,०००।- (अक्षरेपी: एक हजार मात्र) जम्मा गरी (पछी फिर्ता नहुने) सोको सक्कल भौचर यस कार्यालयको राजस्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice), नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, विदेशी मुद्रा विनिमयको कारोवार गर्ने नेपाल राष्ट्र बैंकको इजाजतपत्र सहित निवेदन पेस गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्रफाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रसाथ रजिष्टर्ड संस्था/फर्म/कम्पनीको दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायवाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त इजाजतपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व:घोषणापत्र पेस गर्नुपर्नेछ ।

३. ठेक्का अवधि ३ (तीन) बर्षको हुनेछ । प्रत्येक वर्षको लागि ३ बर्ष अवधिको न्युनतम ठेक रकम रु. ४०,०२,९६०।- (अक्षरेपी: चालीस लाख दुई हजार नौ सय साठी रुपैयाँ) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६ को उपनियम (६) अनुसार सम्झौतामा तोकिएको रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यबृद्धि सूचकाङ्कको अनुपातमा स्वत: बृद्धि हुनेछ र सोही बमोजिम बोलपत्रदाताले थप भएको समेत बहाल रकम बुझाउनुपर्नेछ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता रकम/शुल्क भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो बक्यौता फछ्र्यौट गरेको कागजात बोलपत्र डकुमेण्ट खरिद गर्नुपूर्व पेस गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम रा.बा.बैंक, गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको ६ महिना अवधि भएको ग्यारेन्टी (*Bid Bond*) पेस गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) दिनभित्र कार्यालय समयभित्र खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजे सम्म यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरि सक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकतीस) औं दिन २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो दिन बोलपत्रदाताको तर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिने छ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो ? सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा, त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. यस कार्यालयले यात्रु तथा Visitors को सुविधाको लागि एकै स्थानबाट दुईवटा फरक फरक बैंकद्वारा ATM सेवा दिने उद्देश्य भएकोले एउटा ATM Counter मा प्रतिस्पर्धा गर्ने बैंकले अर्को ATM Counter को लागि बोलपत्र फारम खरिद गर्न पाउने छैन ।

१०. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

११. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१३. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।